नेपाल सरकार

गृह-मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

## नं.७ बैद्यनाथ वाहिनी मुख्यालय, कैलाली

### जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्रको सूचना ।

सूचना नं. १ (२०८०/०८१)

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/०५ गते ।**

यस सशस्त्र प्रहरी बल, नेपाल नं.७ बैद्यनाथ वाहिनी मुख्यालय अत्तरिया कैलालीमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने मेशिनरी औजार, फर्निचर तथा जिन्सी मालसमान जे-जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| सि.नं. | जिन्सी मालसामानहरुको विवरण | न्यूनतम कायम मुल्य | कैफियत |
|---|---|---|---|
| १ | मेशिनरी औजार, कम्प्युटर, फलाम, ब्याट्रि, पारदर्शी ढाला, प्लाष्टिक लगायतका अन्य जिन्सी सामानहरु । | १०,९१७।५० (अक्षरुपी दश हजार नौ सय सत्र पैसा पचास मात्र) | |

१. इच्छुक बोलपत्रदाताहरुले सशस्त्र प्रहरी बल नेपाल नं.७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्ने तथा खरिद गर्न सक्नेछ ।

२. इच्छुक बोलपत्रदाताले २०८०/०९।११ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।-(अक्षरुपी एक हजार मात्र) रकम राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको राजस्व खाता नं.१०००१००२०००१०००० कार्यालय कोड नं. ३१४०५७७०४ राजस्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचर सहित बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औ दिनको १५.०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमायस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसार हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्क धनगढी शाखामा रहेको धरौटी खाता नं. ३०२१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।

७. थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको फोन नम्बर ९८५१२७२०२७ मा सम्पर्क गर्न सकिनेछ । स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको ०७ दिन भित्र आफुले कबोल गरेको सम्पूर्ण रकम र नियमानुसार लाग्ने (१३%) मु.अ.कर समेत यस कार्यालयमा बुझाई पुराना माल सामानहरु उठाई लैजानु पर्नेछ ।सो नगरेमा बोलपत्र जमानत रकम जफत गरिनेछ । अन्य शर्तहरु बोलपत्र फारममा नै उल्लेख गरिएको छ । यस सम्बन्धी सुचना सशस्त्र प्रहरी बल नेपालको web site www.apf.gov.np मा समेत राखिएको छ।

(कुमार न्यौपाने)

सशस्त्र प्रहरी नायव महानिरीक्षक

बाहिनीपति